# घोडाघोडी नगरपालिका

## न्यायिक समितिको
## बार्षिक प्रतिबेदन २०८३

मिति २०८३ असार १० गते

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा स्थानीयमा तहको न्यायिक समिति सम्बन्धमा व्यवस्था गरेको छ। आम जनताको न्यायमा सहज,सरल र सुलभ पहुच पुगोस भन्नका लागि न्यायिक समितिलाई निश्चित अधिकार क्षेत्र सहितको जिम्मेवारी कानूनले नै प्रदान गरेको छ सोहि कानूनको अधिनमा रहि यस नगरपालिकामा म नगर उप प्रमुखको संयोजकत्वमा रोहित वम र सुशिला चौधरी सदस्य रहेको ३ सदस्यीय न्यायिक समिति रहेको छ

**सभाध्यक्ष महोदय,**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा न्यायिक सतिमी सम्बन्धि व्यवस्था गरेको छ जसमा न्यायिक समितिको अधिकार क्षेत्र हरुको वारेमा व्यवस्था गरेको छ।

१. **निरुपणको गर्न सक्ने विवादहरु**

- ❖ आलिधुर, बाँध पैनी , कुलो वा पानीधाटका बाडँफाडँ तथा उपयोग
- ❖ अर्काको बाली नोक्सानी गरेको
- ❖ चरन, घाँस, दाउरा
- ❖ ज्याल मजदुरी नदिएको
- ❖ घरपालुवा पशुपंक्षी हराएको वा पाएको
- ❖ जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाहा
- ❖ नाबलक छोरा छोरी वा वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लगाउन वा शिक्षा दिक्षा नदिएको
- ❖ बार्षिक पच्चीस लाख रुपैया सम्मको विगो भएको घर बहाल सुविधो
- ❖ अन्य व्यक्तिको घर जग्गा वा सार्वजानिक सम्पतिलाई असर पर्ने गरि रुख विरुवा लगाएको
- ❖ आपनो घर वा बलेसिबाट अर्काको घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको
- ❖ सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजि छोड्नु पर्ने जगग नछोडेको
- ❖ कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वक देखि सार्वजानिक रुपमा प्रयोग हुदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास , बस्तु भाउ चराउने चरन , नहर, पोखरी , पाटी पैवा, अन्त्यष्टी स्थल, धार्मिक स्थल, वा अन्य कुनै सार्वजानिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुराएको

२. **न्यायिक समितिले मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने विवादहरु**

- ❖ सरकारी, सार्वजानिक वा सामुदायिक बाहेक एकाको हकको जग अर्काले च्यापी ,मिचि वा घुसाई खाएको

❖ सरकारी, सार्वजानिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको

❖ पति – पत्नी बीचको सम्बन्ध विच्छेद, तर सम्बन्ध विछेद हुने गरि मेलमिलाप गर्न नसकिने

❖ अङ्गभङ्ग बाहेको बढीमा एक वर्ष कैद हुन सक्ने कुट पिट

❖ गालि बेइज्जती, लुटपिट, अरुको अवासमा अनधिकृत रुपमा प्रवेश गरेको

❖ पुशपंक्षी छाडा छोडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरि अरुलाई असर पारेका

❖ अर्काको हक भोगमा रहेको जग्ग अवाद वा भोगचलन गरेको

❖ ध्वनी प्रदुषण वा फोहोर फैला फ्याकी छिमेकीलाई असर पारेको

**सभाध्यक्ष महोदय,**

हाम्रो नगरपालिकाको न्यायिक समितिमा अघिल्ला वर्षका सरेर आएका एवम् यय वर्ष दर्ता भएका विवादको विवरण प्रस्तुत गर्न गैरहेको छु।

गत आर्थिक वर्षका सरेर आएका विवाद – ७

गत आर्थिक वर्षका सरेर आएका फछ्यौट भएका विवाद – ४

यस आर्थिक वर्षमा समितिमा दर्ता भएको विवाद – १०

यस आर्थिक वर्षमा दर्ता भई फछ्यौट भएका विवाद – ६

मिलापत्र भएका - ५

अदालत पठाइएका विवाद – ३

फछ्यौट प्रक्रियमा रहको – ७

**सभाध्यक्ष महोदय,**

हाम्रो न्यायिक समितिबा संचालित क्रियाकलापहरुको व्यहोरावारे जानकारी गराउदछु

विवाद दर्ता

विवादको फछ्यौट

मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारी पदाधिकारीको क्षमता विकास तालिम

न्यायमा पुहुच अभिबृदी कार्यक्रम सञ्चालन

**सभाध्यक्ष महोदय,**

**हामिले नगरपालिका र वडाहरुमा** मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि निर्माण तथा प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरेका छौ।

स–साना विवादलाई लिएर अदालत सम्म जानु नपर्ने गरि विवादहरुको समाधान गर्ने गरेका छौ।

विशेषत महिला, बालबालिकार जेष्ठ नागरिकहरुको न्यायिक क्षेत्रमा पहुँचमा वृद्धि भएको छ।

पिडित पक्षले निःशुल्क र छिटो छरितो सेवा प्राप्त गरेका छन्।

न्यायिक समितिले कार्य सम्पादनका सिलशिलामा आफ्नो कामलाई थप सेवा पु¥याउने हेतुले न्यायिक समितिका सदस्य  तथा मेलमलिाप केन्द्र संयोजलाई क्षमता विकास तामिल सञ्चालन गरियो। जसले गर्दा हाल न्यायिक सम्पादनमा सहज भएको छसंचालन गरियो। जसले गर्दा न्यायिक समितिमा विवाद दर्ता संख्या बढेको छ।

**सभाध्यक्ष महोदय,**

हामि संग केहि न्यायिक समितिका चुनौतिहरु रहेका छन

भदौ २४ र २५ भएको आगजानीबाट न्यायिक समिति पनि अछुतो रहन सकेन हाम्रो नगरपालिकाको न्यायिक समितिको अभिलेख पनि आगजनीबाट पुर्ण रुपमा क्षति भइ हाल सम्मको अभिलेख तथा मिसिल जलेर नष्ठ हुनुका साथै मेलमिलाप कक्ष समेत नभइ कठन परिस्थितीबाट सेवा प्रवाह गर्नु पर्ने अवस्था रहेको छ।

अधिकार क्षेत्र भन्दा बाहिरको विवाद दर्ना गर्नु पर्ने अवस्था सिर्जना हुनु,

विवादित पक्षले निवेदन दर्ता गरे पछि तोकिएको तारेखमा उपस्थित नभई वादीले नै तारेख गुजार्नु,

प्रतिवादीले प्रतिउत्तर पेश नगरी मौखिक रुपमा नै गुनासो पोख्ने ,

समयमै म्याद पठाउन नसकिनु,

पक्षहरुका बिच छलफल गराउने छुट्टै मेलमिलाप कक्षको व्यवस्था गर्नु

मुद्दा फाँट र अभिलेख फाँट छुटै व्यवस्था नहुनु

मनोविज्ञ र कानुनी परामर्शको लागि विशेषज्ञ तथा पुर्वाधार व्यवस्था नहुनु।

**सभाध्यक्ष महोदय**

हाम्रो न्यायिक समितिलाई चुष्त दुरुष्त वनाउन , नागरिकहरुको विश्वास वढाउन, स्वतन्त्र र सक्षम तरिकाले न्यायिक सम्पादन गर्न केहि सुधार गर्नु पर्ने भएको छ।

कानुनले तोकेको क्षेत्राधिकार भन्दा बाहिरका विवादहरु दर्ता नगरी सम्बन्धित निकायमा नै उजुरी गर्न सम्बन्धित पक्षलाई जानकारी दिने,  तामेलदारको छुटै व्यवस्था गर्ने, मुद्दा फाँट र अभिलेख फाँटको लागि छुटै व्यवस्था गर्ने,  प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रलाई प्रभाकारी रुपमा सञ्चालन गर्ने हो भन्ने स्थायिन तहमा रहेको न्यायिक समिति प्रति आम नागरिको विश्वास र भरोसा बढदै जानेछ।

**प्रतिबेदन प्रस्तत कर्ता**

न्यायिक समिति संयोजक

गुलिया कुमारी चौधरी